# पोखरा विश्वविद्यालयको विशेष मौका परीक्षा २०८० को

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना !

**(प्रकाशित मितिः २०८०/०५/०१)**

पोखरा विश्वविद्यालय अन्तर्गत आङ्गिक, संयुक्त आङ्गिक तथा सम्बन्धन प्राप्त स्कूल/कलेज/महाविद्यालयहरुमा स्नातक, स्नातकोत्तर तथा एम. फिल. तहमा भर्ना भई विश्वविद्यालयको नियमानुसार अधिकतम अवधि भित्र स्नातक तहमा CGPA 2.00 र स्नातकोत्तर तथा एम.फिल.तहमा CGPA 3.00 पुऱ्याउन नसकि विश्वविद्यालयले प्रदान गर्ने उपाधि प्राप्त गर्न नसकेका विद्यार्थीहरु तथा तोकिएको अधिकतम समय अवधिभित्र स्नातक, स्नातकोत्तर तथा एम.फिल. तह उत्तीर्ण हुन नसकेका विद्यार्थीहरुका लागि एक पटकको लागि विशेष मौका परीक्षा लिने निर्णय पोखरा विश्वविद्यालयको २२ (बाइस) औं सभाले गरेको हुँदा त्यस्ता विद्यार्थीहरुले परीक्षा आवेदन फाराम भरी सम्बन्धित कलेज मार्फत पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, कास्कीमा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष मौका परीक्षामा सहभागी हुनका लागि विद्यार्थीको योग्यता र सिमा सर्तहरुः-**

१. CGPA 2.00 वा 3.00 पुऱ्याउने सन्दर्भमा Thesis/Dissertation/GRP/Independent Studies/Project Work/Practicum आदि लगायतका विषयहरुलाई समावेश गरिने छैन । न्यूनतम CGPA पुऱ्याउनको लागि उक्त विद्यार्थीहरु अधिकतम ३ वटा विषयहरुमा सामेल हुन सक्नेछन् ।

२. सम्बन्धित कार्यक्रमको अन्तिम वर्ष/सेमेष्टर/ट्राइमेष्टर सम्म अध्ययन गरेका विद्यार्थीहरुले मात्र मौका परीक्षामा सामेल हुन पाउने छन् ।

३. अधिकतम क्रेडिट तथा विषय सम्बन्धमाः- विशेष मौका परीक्षाको लागि स्नातक तहको हकमा अधिकतम २४ क्रेडिट सम्म र स्नातकोत्तर तथा एम.फिल. तहको हकमा Thesis /Dissertation/ GRP/Independent Studies/Project Work/ Practicum आदि सहित अधिकतम चार (४) वटा Course को परीक्षा दिन पाइनेछ ।

४. विशेष मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुको Coursework/Subject/ Thesis/Dissertation/GRP/Independent Studies/Project Work/Practicum आदि दुवै भएको अवस्थामा Coursework/Subject को नतिजा प्रकाशित भएको मितिले ९० दिन भित्रमा Thesis/Dissertation/GRP/Independent Studies/Project Work/Practicum को परीक्षाफल र यससँग सम्वन्धित तोकिएका आवश्यक कागजातहरु परीक्षा नियन्त्रण कार्यालयमा बुझाइसक्नुपर्नेछ । उक्त समयभन्दा पछि प्राप्त हुन आएका कागजपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।

५. Thesis/ Dissertation/ GRP/ Independent Studies/Project Work/Practicum आदि विषय मात्र भएको अवस्थामा विश्वविद्यालयले परीक्षा तालिका प्रकाशित गरेको मितिले ९० दिनभित्रमा Thesis/ Dissertation/GRP / Independent Studies/ Project Work/ Practicum आदि जस्ता विषयको परीक्षाफल र यससँग सम्वन्धित तोकिएका आवश्यक कागजातहरु परीक्षा नियन्त्रण कार्यालय, कास्कीमा बुझाईसक्नुपर्नेछ । उक्त समयभन्दा पछि प्राप्त हुन आएमा त्यस उपर कुनै कारवाही हुनेछैन ।

६. Thesis/Dissertation/GRP/Independent Studies/Project Work/Practicum आदि जस्ता विषयको Defense गरिसकेको तर समयावधिका कारणले परीक्षाफल प्रकाशित नभएका विद्यार्थीहरुका सम्बन्धमा विश्वविद्यालयले परीक्षा तालिका प्रकाशन गरेको मितिले ३० दिन भित्रमा Thesis/Dissertation/GRP/Independent Studies/Project Work/Practicum आदि जस्ता विषयको परीक्षाफल र यससँग सम्बन्धित तोकिएका आवश्यक कागजातहरु परीक्षा नियन्त्रण कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

७. विशेष मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले अध्ययन गरेको पाठ्यक्रम अनुसार प्रश्नपत्र सोधिनेछ ।

८. परीक्षा शुल्कः- विशेष मौका परीक्षामा सहभागी हुनको लागि विद्यार्थीहरुले देहायबमोजिमको शुल्क तिरी परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
   क. स्नातक तहको विद्यार्थीका लागि ५ वटा विषयसम्मको लागि रु. ५,०००।- र त्यस भन्दा बढी प्रति विषय रु. १,०००।- थप गर्नुपर्ने ।
   ख. स्नातकोत्तर तहको विद्यार्थीका लागि Theory Courses को लागि. रु. ६,०००।-
   ग. स्नातकोत्तर तहको थेसिस गर्नुपर्ने विद्यार्थीको लागि रु. १०,०००।-
   घ. स्नातक तहको थेसिस गर्नुपर्ने विद्यार्थीको लागि रु. ६,०००।-
   ङ. स्नातक/स्नातकोत्तर/एम.फिल तहको थेसिस Viva/Defense गरिसकेका तर नतिजा प्रकाशन हुन बाँकी विद्यार्थीहरुका लागि रु. ६०००।-

९. परीक्षा आवेदन फाराम भर्ने अन्तिम म्याद :- मिति २०८०/०६/१४ गतेसम्म ।

१०. विशेष मौका परीक्षामा सहभागी हुनको लागि विद्यार्थीले भरेको परीक्षा आवेदन फाराममा विश्वविद्यालयले विशेष मौका परीक्षाको लागि तोकेको मापदण्ड बमोजिम विद्यार्थी मौका परीक्षाको लागि योग्य भएको कुरा सम्बन्धित शैक्षिक संस्था (आङ्गिक, संयुक्त आङ्गिक तथा सम्बन्धन प्राप्त स्कूल/कलेज/महाविद्यालय) ले अनिवार्य रुपमा सिफारिस गरी तोकिएको परीक्षा शुल्क पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड पोखरा शाखामा P.U.EXAM.CONTROL OFF PKR नाममा रहेको खाता नम्बर 01105020011938 वा कामना सेवा विकास बैंक लिमिटेडमा P.U.EXAM.CONTROL OFF PKR, नाममा रहेको खाता नम्बर 0120030002731700001 मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर परीक्षा फारामसाथ संलग्न राखी सम्बन्धित कलेज मार्फत परीक्षा नियन्त्रण कार्यालय, कास्कीमा बुझाउनुपर्नेछ । कलेज मार्फत नआएको परीक्षा फाराम बुझिने छैन ।

१२. विशेष मौका परीक्षामा सहभागी हुनको लागि विद्यार्थीहरुले परीक्षा आवेदन फाराम भरिसकेपछि परीक्षा नियन्त्रण कार्यालयले रुजू गरी योग्य विद्यार्थीहरुको नामावलीको सूची पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.pouexam.edu.np मा प्रकाशन गर्नेछ ।

१३. परीक्षाको तालिका, समय र परीक्षा केन्द्र सम्बन्धी जानकारी पछि परीक्षा नियन्त्रण कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ ।

१४. थप जानकारीका लागि परीक्षा नियन्त्रण कार्यालयको फोन नं. ०६१-५०४१४६, ०६१-५०४०८६ मा सम्पर्क गर्न सकिनेछ ।